## टी-२० विश्वकप

# भारत, पाकिस्तान र वेस्ट इन्डिजको विजयी सुरुवात



काठमाडौं/मस- आइसिसी टी-२० विश्वकपमा भारत, पाकिस्तान र वेस्ट इन्डिजले आ-आफ्नो पहिलो खेल जित्दै प्रतियोगिताको सानदार सुरुवात गरेका छन् । शनिबार भएका खेलहरूमा भारतले अमेरिकालाई, पाकिस्तानले नेदरल्यान्ड्सलाई र वेस्ट इन्डिजले स्कटल्यान्डलाई पराजित गरेको हो ।

शनिबार भएको खेलमा भारतले अमेरिकालाई २९ रनले हरायो । भारतले दिएको १६१ रनको लक्ष्य पछ्याएको अमेरिकाले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३२ रन मात्र बनाउन सक्यो ।

अमेरिकाका लागि शुभम् रञ्जाने र सञ्जय कृष्णमूर्तिले समान ३७ रन बनाए भने मिलिन्द कुमारले ३४ रन जोडे । अन्य ब्याट्सम्यानले उल्लेख्य योगदान दिन सकेनन् ।

भारतका लागि मोहम्मद सिराजले ३ विकेट लिए भने अर्शदीप सिंह र अक्षर पटेलले समान २-२ तथा वरुण चक्रवर्तीले १ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा ९ विकेटको क्षतिमा १६१ रन बनाएको थियो । कप्तान सूर्यकुमार यादवले उत्कृष्ट अर्धशतकीय पारी खेल्दै ४९ बलमा १० चौका र ४ छक्कासहित अविजित ८४ रन जोडे । अमेरिकाका स्याड्ली भान स्काल्कविकले ४ ओभरमा २५ रन खर्चेर ४ विकेट लिए पनि टोलीलाई जित दिलाउन सकेनन् ।

प्रतियोगिताको पहिलो खेलमा पाकिस्तानले नेदरल्यान्ड्सलाई ३ विकेटले हराउँदै विजयी यात्रा सुरु गर्‍यो । १४८ रनको लक्ष्य पाकिस्तानले १९.३ ओभरमा ७ विकेट गुमाएर पूरा गर्‍यो ।

एक समय दबाबमा परेको पाकिस्तानलाई अन्तिमतिर फहिम अशरफले उत्कृष्ट ब्याटिङ गर्दै जित दिलाए । ११ बल खेलेका उनले ३ छक्का र २ चौकासहित अविजित २९ रन बनाए । साहिवजादा फरहानले ४७, साइम अयुवले २४, बाबर आजमले १५ तथा सलमान अघाले १२ रन जोडे ।

नेदरल्यान्ड्सका लागि आर्यान दत्त र पल भान मिकेरनले दुई-दुई विकेट लिए भने रोइलफ भान डर मेर्वे, लोगान भान बीक र काइल क्लेइनले एक-एक विकेट लिए ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्स १९.५ ओभरमा १४७ रनमा अलआउट भयो । कप्तान स्कट इडवाड्र्सले ३७, बास डी लिडेले ३० र माइकल लेभिटले २४ रन बनाए । पाकिस्तानका सलमान मिर्जाले ३ विकेट लिँदा साइम अयुव, मोहम्मद नवाज र अबरार अहमदले दुई-दुई तथा शाहिन शाह अफ्रिदीले १ विकेट लिए ।

रोमारियो शेफर्डको ह्याट्रिकसहितको घातक बलिङमा वेस्ट इन्डिजले समूह 'सी' को खेलमा स्कटल्यान्डलाई ३५ रनले पराजित गर्‍यो । कोलकाताको इडेन गार्डेन्समा भएको खेलमा वेस्ट इन्डिजले दिएको १८२ रनको लक्ष्य पछ्याएको स्कटल्यान्ड १८.३ ओभरमा ११३ रनमै समेटियो ।

शेफर्डले ३ ओभरमा २० रन खर्चेर ५ विकेट लिए । जेसन होल्डरले ३ विकेट लिए भने शमर जोसेफ र गुडाकेश मोटीले समान १-१ विकेट हात पारे ।

यसअघि वेस्ट इन्डिजले ५ विकेट गुमाएर १८२ रन बनाएको थियो । सिमरन हेटमायरले ३६ बलमा ६ छक्का र २ चौकासहित ६४ रनको अर्धशतकीय पारी खेले । ब्रान्डन किङले ३५, शेरफेन रदरफोर्डले २६ तथा रोभम्यान पावेलले २४ रन बनाए ।

नेपाल समूह 'सी' मा रहेको छ । नेपालले आफ्नो पहिलो खेल आइतबार दुई पटकको च्याम्पियन इंग्ल्यान्डसँग खेल्नेछ ।

## Gandaki Rural Municipality
## Office of Rural Municipal Executive
**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

## Invitation for E-Quotation

**Date of 2nd time publication: 2026-02-08 (2082-10-25)**

1. Gandaki Rural Municipality has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without Contingency & VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/WORKS/ SQ/13/2082/83 | Construction of Gyanmarga School | Sealed Quotation | 12,19,973.98/- | 1000/- | 35,000/- | 45 days/ 75 days after bid opening | 2026-02-23 (2082/11/11) 12:00 | 2026-02-23 (2082/11/11) 13:00 |

Gandaki Rural Municipality, Office of Rural Municipal Executive Invites Electronic Sealed Quotation from eligible bidders for the following projects under Sealed Quotation Procedures.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Rural Municipal Executive, Bhumlichok Gorkha, Gandaki Province, Nepal, 9841378428. or may visit our official website www.gandakimun.gov.np.

**Chief Administrative Officer**

## Pachaljharana Rural Municipality
## Office of the Rural Municipal Executive
**Padeksha, Kalikot**
**Karnali Province, Nepal**

## Invitation For Bid

**Date Of Publication:2082/10/25 (02/08/2026)**

1. Pachaljharana Rural Municipality, Office of the Rural Municipal Executive, Kalikot invites e-bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Inclusive of VAT, PS and contingencies. (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | PRM/082-83/ WORKS/N CB-01 | Construction of ward Karyalaya Bhawan Nirman, Pachaljharana Rural Municipality-06 | 90 days | 99,95,185.56 | 2,15,000 | 3000.0 |

| Further Information to bidders; | |
|---|---|
| Last date and time of Bid Submission | 03/10/2026 12:00 hours |
| Date, Time and Place of Bid Opening | 03/10/2026 14:00 hours at Pachaljharana Rural Municipality Office, Kalikot, Nepal |
| Account No. for Bid Document Purchase | Nabil Bank Ltd, Padeksha Branch , ANTARIK RAJASHWA KHATA pachaljharana GA. PA. 1.1 Pachaljharana Rural Municipality- 07401017500178 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Nabil Bank Ltd, Padeksha, Kalikot<br>Name of Office: Pachaljharana Rural Municipality<br>Office Account No. : 07401017500193 (Dharauti Khata Pachaljharana GA. PA. 3.0) |

2. Bidders shall submit their bids electronically only .
3 . If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4 .For more information, please contact Pachaljharana Rural Municipality, Kalikot.

**Chief Administrative Officer**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१०/२५**

**काठमाण्डौ पिकल बम्प्स** को मिति २०८२/१०/१९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **निर्वाणम एक्सीलेन्स स्कूल काठमाण्डौं (दर्ता नं. १४०४२९)** कायम गर्ने गरी मिति २०८२/१०/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
नयाँबजार शाखा, काठमाडौं

## यस बैंकमा रहेको सेफ डिपोजिट उपर ३५ (पैंतिस) दिने हकदाबी सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८२/१०/२५**

श्री इमान सिंह बसनेटको नातिनी, श्री भक्त बहादुर बसनेट /श्रीमती अष्ट लक्ष्मी बसनेट को छोरी, श्री शिव राम खत्री को पत्नी, स्थायी ठेगाना बागमती प्रदेश काठमाडौं जिल्ला, पक्नाजोल वडा नं.१६ बस्ने श्रीमती सिरा खत्रीको नाममा यस बैंकको नयाबजार शाखा कार्यालयमा सेफ डिपोजिट लकर नं. १३४४२ लिई प्रयोग गरी आउनु भएकोमा निज लकरवालाको आफ्नै कालगतिले मिति बि.सं. २०८२/०३/२३ गते मृत्यु भएको भनी मृतकको हकवाला पति नाताको श्री शिव राम खत्री (ना.प्र.नं ११६४७ जारी मिति २०४४/१२/२८ जि.प्र.का. काठमाडौं) ले उक्त यस बैंकमा रहेको सेफ डिपोजिट लकर उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति २०२५/०९/०८ मा आवश्यक कागजात सहित यस बैंकको नयाबजारशाखा कार्यालयमा निवेदन दिनु भएको हुँदा निज मृतकको नाममा यस बैंकमा रहेको सेफ डिपोजिट लकरमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०८२ तथा प्रचलित कानून बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको नयाबजार शाखा कार्यालयमा हकदाबी गर्न आउनु होला । अन्यथा सो म्यादभित्र हकदाबी गर्न नआएमा प्रचलित कानून बमोजिम निवेदकको दावी बमोजिम निजको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

## खाँदवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सङ्खुवासभा, खाँदवारी**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२५**

यस खाँदबारी नगरपालिका द्वारा मिति २०८२/०८/२१ गते प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरू मध्ये मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको र स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | आयोजनाको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर र पि.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | Upgradation of Siran Gumba -Ward Karyalaya - Mangalabare Airport Road (Blacktop), Khandbari-09 KMO/NCB/WORKS/08/082/083 | श्री Manakamana Karki Builders, Morang | रु. ३३,२३,१२७.०० (अक्षेरुपी तेतिस लाख तेईस हजार एक सय सत्ताईस रुपैया मात्र, मु.अ.कर र पी.एस. बाहेक) | |

**प्रमुख प्रशासकीय अधिकृत**